# सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
# SIDDHARTHA INSURANCE LIMITED


च.नं.३५२८/०७८/०७९ मिति : २०७८/१२/०९

श्री नेपाल स्टक एक्सचेन्ज लि ,
शिंहदरवार प्लाजा, काठमाण्डौं

विषय : शेयर दाखिल खारेज सम्बन्धमा ।

मिति २०७८ चैत्र ०८ गते मङ्गलवार अपरान्ह ४:३० बसेको सञ्चालक समितिको १८३ औं बैठकले यस कम्पनीको २० औं वार्षिक साधारण सभा बोलाउने तथा साधारण सभा प्रयोजनको लागि निम्नानुसार शेयर दाखेल खारेज बन्द गर्ने निर्णय गरेको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

नगद लाभांस प्रतिशत : ०.७८९५% ( शुन्य दशवमलब सात आठ नौ पाँच प्रतिशत )
(प्रस्तावित वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थं)

वोनस शेयर प्रतिशत : १५% ( पन्ध्र प्रतिशत )

हकप्रद शेयर प्रतिशत : छैन ।

शेयर दाखेल खारेज ( **Book Close** ) मिति : २०७८ साल चैत्र १७ गते एक दिन ।

हालको चुँक्ता पुँजी : १,१२,००,००,०००/- ( एक अर्व ,बाह्र करोड )

बार्षिक साधारण सभाको मिति : २०७८ साल चैत्र ३० गते (तद्नुसार १३ अप्रिल २०२२) बुधवार ।

समय : बिहान १०:३० वजे ।

स्थान : नेपाल पर्यटन वोर्डको सभा कक्ष , भृकुटीमण्डप , काठमाण्डौ ।

सुदर्शन आचार्य
(कम्पनी सचिव)

बोधार्थ ,

श्री नेपाल धितोपत्र वोर्ड , खुमलटार, ललितपुर
श्री वीमा समिति , कुपन्डोल, ललितपुर
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. , पुतली सडक, काठमाण्डौ
श्री एन एम वी क्यापिटल लि., नागपोखरी, काठमाण्डौ

संलग्न, वार्षिक साधारण सभाको सूचना - १

२०७८ चैत्र ०९ गते
राजधानी दैनिकमा
प्रकाशित

सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
Siddhartha Insurance Limited

रहौं निस्फिक्री

ववरमहल, काठमाडौं, फोन नं.: ५७०५७६६, ५७०७१९०, ५७०५४४७, फ्याक्स नं.: ५७०६७७६, Email: info@siddharthainsurance.com

# सिद्धार्थ इन्स्योरेन्स लिमिटेडको बीसौ वार्षिक साधारण सभा बस्ने सम्बन्धी सूचना

**श्री शेयरधनी महानुभावहरु,**

मिति २०७८ साल चैत्र ०८ गते (२२ मार्च, २०२२) मङ्गलवारका दिन बसेको सञ्चालक समितिको १८३ औ बैठकको निर्णयानुसार यस कम्पनीको २० औं (बीसौं) वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा निम्न विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिका लागी हार्दिक अनुरोध छ।

**सभा हुने मिति, समय र स्थान :**

- मिति : २०७८ साल चैत्र ३० गते (तद्नुसार १३ अप्रिल, २०२२) बुधवार
- समय : बिहान १०:३० बजे
- स्थान : नेपाल पर्यटन वोर्डको सभाकक्ष, भृकुटी मण्डप, काठमाण्डौ ।

**छलफलका विषयहरु**

**क. सामान्य प्रस्ताव:**

१. सञ्चालक समितिको तर्फवाट अध्यक्ष ज्यू द्वारा प्रस्तुत आर्थिक वर्ष २०७७/०७८ को वार्षिक प्रतिवेदन छलफल गरी पारीत गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहित आर्थिक वर्ष २०७७/०७८ को वासलात,नाफा-नोक्सान हिसाव तथा सोहि अवधिको नगद प्रवाह सहितको विवरण तथा सो सँग सम्वन्धित अनुसूचिहरु छलफल गरी पारीत गर्ने ।
३. लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आ.व.२०७८/०७९ को लागि लेखापरीक्षक नियुक्त गरी निजको पारिश्रमिक निर्धारण गर्ने । (वर्तमान लेखापरिक्षक श्री एस.ए.आर. एसोसियट्स ,चार्टर्ड एकाउण्टेण्टस् कानुनत पुन: नियुक्त हुन सक्नेछ) ।
४. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पुँजीको ०.७८९५ प्रतिशतले हुन आउने रकम रु.८८,४२,१०५- नगद लाभांश (प्रस्तावित वोनस शेयरमा लाग्ने कर प्रयोजनार्थ) स्वीकृत गर्ने ।
५. सञ्चालक समितिमा रिक्त स्वतन्त्र (विज्ञ) सञ्चालकको पदमा भएको सञ्चालकको नियुक्ति अनुमोदन गर्ने ।

**ख. विशेष प्रस्ताव:**

१. सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम रहेको चुक्ता पुँजीको १५ प्रतिशतले हुन आउने रकम रु. १६,८०,००,०००/- वरावरको वोनस शेयर जारी गर्ने ।
२. प्रवन्ध पत्रको दफा ५ को (ख) मा रहेको पूँजी सम्वन्धि व्यवस्थालाई संशोधन गर्ने ।
३. नियमावलीको नियम ५ को (ख) र (घ) पूँजी सम्वन्धि व्यवस्थालाई संशोधन गर्ने ।
४. प्रवन्ध पत्रको दफा ३.१ मा रहेको उद्धेश्य अर्न्तगत "(भ) सामुहिक लगानी कोष योजना सञ्चालन गर्ने, गराउने" व्यवस्था थप गर्ने ।
५. निर्जिवन बीमा व्यवसाय गर्ने उपयुक्त कम्पनीसँग गाभ्ने,गाभिने वा प्राप्ती गर्ने सम्वन्धि सम्पूर्ण अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने ।
६. नियमावलीको नियम २८ को उप-नियय १ मा रहेको सञ्चालकलाई प्रदान गरिने वैठक भत्ता सम्वन्धि व्यवस्थालाई संशोधन गरी वैठक भत्ता वृद्धि गर्ने ।
७. संशोधित प्रवन्ध पत्र तथा नियमावली अभिलेख वा स्वीकृत गर्ने निकायवाट कुनै फेरवदल गर्न निर्देशन प्राप्त हुन आएमा सो अनुसार गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग. विविध ।**

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**

## साधारण सभा सम्बन्धी थप जानकारी

१. वार्षिक साधारण सभा प्रयोजनका लागि मिति २०७८ साल चैत्र १७ गते एक दिन शेयरधनी दर्ता पुस्तिका बन्द (Book Close) गरिनेछ ।
२. २०७८ साल चैत्र १६ गते सम्म नेपाल स्टक एक्सचेन्ज लि.मा कारोबार भएका शेयरहरु साधारण सभा (वोनस शेयर) प्रयोजनको लागि योग्य रहने छन् ।
३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधी (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले प्रतिनिधि पत्र (प्रोक्सी) फारम भरी सभा शुरु हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको मुख्य कार्यालय सिद्धार्थ इन्स्योरेन्स भवन, बबरमहलमा दर्ता गराई सक्नु पर्नेछ ।
४. शेयरधनीहरुबाट उठेको प्रश्न, जिज्ञासा वा मन्तव्यहरुको सम्बन्धमा सञ्चालक समितीको तर्फबाट अध्यक्ष वा अध्यक्षबाट अनुमति प्राप्त व्यक्तिले जवाफ दिने छन् ।
५. आ.व.२०७७/०७८ को वार्षिक प्रतिवेदन तथा वित्तिय विवरण कम्पनीको वेवसाईड www.siddharthainsurance.com मा राखिएको छ ।

**सञ्चालक समितिको निर्णयानुसार**
**कम्पनी सचिव**